**सामाजिक परीक्षण प्रतिवेदनका विषयसूचीहरु**


| क्र.सं. | बिबरण | पेंज नं. |
|---|---|---|
| | **कृतज्ञता** | |
| १ | परिचय | |
| २ | उद्देश्य | |
| ३ | सामाजिक परीक्षण विधि र तथा प्रक्रिया | |
| ३.१ | सन्दर्भ सामग्री अध्ययन तथा पुनरावलोकन र समीक्षा | |
| ३.२ | सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण | |
| ३.३ | जिल्लास्तरीय सामाजिक परीक्षण समन्वय समिति परिचालन | |
| ३.४ | मुख्य पदाधिकारीसँग अन्तरवार्ता | |
| ३.५ | समूह छलफल | |
| ३.६ | स्थलगत अवलोकन तथा निरीक्षण | |
| ३.७ | सार्विजनिक वहश कार्यक्रम/प्रारम्भिक प्रतिवेदन तयारी प्रस्तुति तथा छलफल | |
| ३.८ | प्रतिवेदन तयारी | |
| ३.९ | सामाजिक परीक्षणमा समावेश गराउनु पर्ने | |
| ३.१ | प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा सार्वजनिक वहश कार्यक्रमको तयारी | |
| ३.११ | सार्विजनिक वहश तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि | |
| ३.१ | प्रतिवेदन सार्विजनिक तथा कार्यान्वयन | |
| ४ | सामाजिक परीक्षण सम्बन्धी अध्ययनको क्षेत्र र सिमा | |
| ५ | वृहत छलफलको विवरण | |
| ६ | जिविस लमजुङ र विषयगत कार्यालय एवं गैसस सामाजिक उपलब्धी तथा कार्यसम्पादनको स्थिति विवरण | |
| ६.१ | जिविस लमजुङ सामाजिक उपलब्धी तथा कार्यसम्पादनको स्थिति विवरण | |
| ६.२ | विषयगत कार्यालय तथा गैर सरकारी संस्थाहरुको सामाजिक उपलब्धी र कार्यसम्पादनको स्थिति विवरण | |
| ६ | सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु | |
| ८ | सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु | |
| ९ | सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु | |
| अनुसूची १ | सामाजिक परीक्षण अभिमुखीकरण , अभिमत संकलन , प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा सार्वजनिक कार्यक्रमको उपस्थिति विवरण | |
| अनुसूची २ | जिल्ला विकास समिति, लमजुङको सामाजिक परीक्षण प्रतिवेदन | |
| अनुसूची ३ | विषयगत कार्यालय तथा गैर सरकारी संस्थाहरुको सामाजिक परीक्षण प्रतिवेदन | |
| अनुसूची ४ | सामाजिक परिक्षण कार्यक्रमका केही झलकहरु | |

## कृतज्ञता

स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको व्यवस्था र स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम जिल्ला विकास समिति लमजुङले गत आर्थिक वर्ष २०६८/६९ मा तर्जुमा गरेको नीति योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले जिल्लाबासीको सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धीको लेखाजोखा तथा विश्लेषण गर्ने र आगामी दिनमा सामाजिक क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई अझ सहभागितामूलक, पारदर्शी, नजितामूलक तथा प्रभावकारी बनाउन सहयोग पुर्‍याउने उद्देश्य अनुरुप पहिलो प्रयास स्वरुप सामाजिक परीक्षण कार्यक्रम सफलतापर्ूवक सम्पन्न गरेको र यसको निचोड प्रतिवेदनको रुपमा प्रस्तुत तथा सार्वजनिक गरिएकोछ । सामाजिक परीक्षण जिल्लाको लागि पहिलो प्रयास भएको, उपलब्ध कार्यविधि, फाराम तथा अध्ययन तथा सर्वेक्षण विधि र प्रक्रिया पनि अभ्यासमा आई परीक्षण समेतर् भई नसकेको र जिल्लामा आधार तथ्याङ्कको कमीका कारण सामाजिक परीक्षणमा तथ्याङ्कको खाडल लगायत थुप्रै कमीकमजोरी रहेका छन् ।

तथापी समष्टीगत रुपमा समय र श्रोत साधनका कमीका कारण कतिपय विषयगत कार्यालयहरु, साझेदार नागरिक समाजका संस्थाहरुको विवरण र उपलब्धीलाई परीक्षणको क्रममा अध्ययन, सर्वेक्षण तथा विश्लेषण गर्न नसकिएको भएता पनि धेरैजसो विषयगत कार्यालय, साझेदार गैसस समेत जिल्ला विकास समितिले लमजुङ्गले गत आर्थिक वर्षा समष्टिमा सामाजिक क्षेत्रमा ६१ प्रतिशत उपलब्धी हासिल गर्न सफल भएको उपलब्ध तथ्याङ्क, अध्ययन, सर्वेक्षण र अभिमत संकलन विवरणबाट देखिएकोछ । उक्त उपलब्धी सन्तोषजनक नै रहेको भएता पनि राज्यको जिम्मेवारी र सेवाग्राहीको अपेक्षानुकुल हुन नसकेको सरोकारवाला सबैपक्षबाट महशुस गरिएकोछ । फलस्वरुप आगामी वर्षरुमा सामाजिक उद्देश्य तथा उपलब्धी हासिल गर्न लगानी, ठोस कार्यक्रम र आयोजनामा बृद्धि गर्ने, जिविस, विषयगत कार्यालय, गैसस, नीजि क्षेत्र र समुदाय बीच साझेदारीमा बृद्धि गर्ने, कार्यक्रमलाई नतिजा तथा उपलब्धीमूलक बनाउन स-साना आयोजना भन्दा ठोस कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने, जिल्लाको प्राथमिकताको विषय क्षेत्रमा रहेको यातायात तथ पर्ूवाधार, विद्युत तथा पर्यटनका सम्बन्धी आयोजनाका साथसाथै सामाजिक विकासका कार्यक्रम संचालन गर्ने, जिल्लालाई निरक्षरतामुक्त पहिलो जिल्ला र महिला हिंसा मुक्त परिवार तथा खुल्ला दिसामुक्त जिल्लाको रुपमा विकास गर्न अभियान चलाउने र नेपाल सरकारको नीति अनुरुप जिल्लाको आवधिक योजना तर्जुमा गरी सो अनुसार बाषिर्क नीति, कार्यक्रम तथा बजेट तर्जुमा, सो को कार्यान्वयन र नतिजामूलक अनुगमनको खाँका, योजना तयारी र तथ्याङ्कको आधार तयार गर्ने जस्ता प्रतिवद्धता सम्बन्धित पक्षबाट व्यक्त भएको र त्यसको लागि सबै पक्षबाट सहयोग गर्ने प्रतिवद्धता समेत गरिएको छ । जुन सामाजिक परीक्षणको अर्को उपलब्धीको रुपमा पनि लिन सकिन्छ ।

सामाजिक परीक्षण कार्यक्रममा सूचना तथा विवरण तयार गर्ने, अध्ययन, सर्वेक्षण तथा अन्तरवार्ता, वहश कार्यक्रममा सहभागि हुने तथा सहयोग गर्ने सेवाग्राहीहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, हुने जिविसकार् कर्मचारीहरु, विषयगत कार्यालय तथा गैससका प्रमुख तथा प्रतिनिधिहरु, संचारकर्मी, आयोजना तथा कार्यक्रमका संबन्धित पक्षहरु र सामाजिक परीक्षण कार्यक्रमको अध्ययन, अनुसन्धान, अभिमुखीकरण तथा वहश कार्यक्रमको सहजिकरण गर्ने र यस रुपमा सामाजिक प्रतिवेदन तयार गर्नु प्राविधिक सहयोग गर्ने डिएआई प्रा.लि. काठमाडौ र परामर्शदाता तथा सामाजिक परीक्षक श्री प्रेम प्रसाद दवाडी र यस कार्यमा सहभागि भई सहयोग गर्नु हुने अन्य सबैलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

दिनाङ्कः २०६९ साल कार्तिक ३० गते विहिबार

......................

विष्णुदत्त गौतम
स्थानीय विकास अधिकारी
जिल्ला विकास समिति लमजुङ

अनुसूची १ः

सामाजिक परीक्षण अभिमुखीकरण, अभिमत संकलन, प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा र्सार्वजनिक कार्यक्रमको उपस्थिति विवरण

क. सामाजिक परीक्षणको क्रममा राय, विचार तथा अभिमत प्रस्तुत गर्नेको विवरण

ख. जिल्ला विकास समितिको कार्यालय, लमजुङमा कार्यरत सामाजिक परीक्षण कार्यक्रममा सहभागि हुने अन्तरवार्ता दिने र राय तथा अभिमत प्रस्तुत गर्ने कर्मचारीको विवरण

ग. सामाजिक परीक्षण अभिमुखीकरण, प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा र्सार्वजनिक वहश कार्यक्रममा सहभागिको विवरण

अनुसूची २ः

जिल्ला विकास समिति लमजुङ्गको सामाजिक परीक्षण प्रतिवेदन

१. परिचय

स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ -१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षा समग्र सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा लेखाजोखा गर्न आर्थिक वर्षसमाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था गरेकोछ । उपरोक्त व्यवस्था बमोजिम स्थानीय निकायले एक आर्थिक वर्षा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । यस अन्तर्गत सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय निकायलाई ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थ्ागत क्षमता आदिको सामाजिक विकासका सूचकहरुलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ । स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ ले "सामाजिक परीक्षण" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ -१) बमोजिम स्थानीय निकायको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले जिल्लाबासीहरुमा आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनर्ुपर्छ भनी परिभाषित गरेको छ । गत आर्थिक वर्षो सामाजिक परीक्षण आर्थिक वर्षसमाप्त भएपछि चालु आर्थिक वर्षो पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ तर कुनै कार्यक्रम/आयोजना विशेषको थप सामाजिक परीक्षणर् गर्न समेत सक्ने समेत व्यवस्था यसले गरेकोछ । यस कार्यलाई व्यवस्थित गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले "सामाजिक परीक्षण कार्यविधि २०६७" तर्जुमा गरी जारी गरेकोछ । उक्त नियमावली तथा जिल्ला विकास समितिहरुको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन समेतको सूचकलाई आधारमानी स्थानीय निकायहरुको सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम परामर्शदाता संस्थाका विषयविज्ञहरु परिचालन गरी जिल्ला विकास समिति लमजुङ्गले गत आर्थिक वर्षो नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गरी यो प्रतिवेदन तयार गरेकोछ ।

जिल्ला विकास समितिले सम्पादन गरेको सामाजिक उपलब्धीहरुको सहभागितामूलक प्रक्रियाद्धारा लेखाजोखा गर्ने जिल्ला विकास समिति, लमजुङको यो पहिलो प्रयास हो । यस प्रतिवेदनमा सामाजिक परीक्षणको पृष्ठभूमि तथा उद्देश्य, अध्ययन विधि तथा सीमा, र्सार्वजनिक वहश तथा छलफल, जिविस, विषयगत कार्यालय र साझेदार गैससबाट हासिल सामाजिक उपलब्धी तथा सामाजिक जिम्मेवारी सम्पादनको अवस्था, सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु, कमीकमजोरी तथा सो पुरा गर्न चाल्नुपर्ने कदमहरु वा सुझावहरु समेटिएकोछ ।

२. उद्देश्य

जिल्ला विकास समिति लमजुङ्गले गत आर्थिक वर्षा तर्जुमा गरेको नीति योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले नागरिकको सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन प्रक्रियालाई स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम अध्ययन, अनुसन्धान, र्सर्वेक्षण र्सार्वजनिक वहश र सहजिकरण गरी प्रतिवेदन तयार गरेकोछ । यस परीक्षण तथा प्रतिवेदनबाट जिल्ला विकास समितिलाई सामाजिक परीक्षणको व्यवस्थालाई पर्ूण्ा रूपमा लागू गर्नका लागि परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक जिम्मेवारीको सम्पादन प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न समेत पुग्ने अपेक्षा गरिएकोछ ।

३. सामाजिक परीक्षण विधि र तथा प्रक्रिया

स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधि २०६७ बमोजिम सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरी सहभागितामूलक प्रक्रियाबाट सम्पन्न गरी प्रतिवदेन तयार, प्रस्तुत तथा र्सार्वजनिक गरिएको छ ।

३.१ सन्दर्भ सामग्री अध्ययन तथा पुनरावलोकन र समीक्षा

जिल्ला विकास समितिबाट नियुक्त परामर्शदाता संस्थाका विषयविज्ञ सामाजिक परीक्षकहरुले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, जिल्ला विकास समितिको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना -विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धि, कार्यसम्पादन, परिणाम र प्रभाव संबन्धी अभिलेख तथा सूचना, न्ाागरिक बडापत्र, र्सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, र्सार्वजनिक सुनुवाई प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू तथा अन्य आवश्यक सामाग्रीको अध्ययन तथा अभिलेखन गरिएको थियो । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात स्थानीय निकायले सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा समीक्षा र विश्लेषण

समेत गरी यसलाई प्रतिवेदनमा समेटिएकोछ । अध्ययन, पुनरावलोकन र समीक्षाबाट स्थानीय निकायको सामाजिक उत्तरदायित्व विशेष गरी सामाजिक परीक्षण संबन्धी कानूनी, नीतिगत, निर्देशिका, कार्यविधि, योजना तथा नीति कार्यक्रमका व्यवस्थाहरु तपसिल बमोजिम प्रस्तुत गरिएको छ ।

- नेपालको अन्तरिम संविधान, २०६३ मा पारदर्शिता, जवाफदेहिता, जनसहभागिता र स्वच्छ प्रशासनका अवधारणाहरुको पर्ूण् परिपालनाबाट सुशासन कायम गर्ने दायित्व राज्यको हुने
- स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय स्वायत्त शासनका सिद्धान्त र नीतिहरुमा स्थानीय निकायहरुलाई जनताप्रति उत्तरदायी बनाउन प्रभावकारी संयन्त्र बनाउने
- स्थानीय निकायहरुलाई बढी जनमुखी, पारदर्शी र मागमा आधारित तथा उत्तरदायी उन्मुख बनाउन स्थानीय निकाय -आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ मा स्थानीय निकायहरुले सामाजिक परीक्षण र सािर्वजनिक परीक्षण, सार्वजनकि सुनुवाई गर्नुपर्ने व्यवस्थालाई स्पष्ट रुपमा गरेको
- सुशासन व्यवस्थापन ऐन र तत् सम्बन्धी नियमावली २०६५ ले पनि सार्वजनिक निकायले सुशासन कायमर् गर्न सामाजिक उत्तरदायित्व अभिबृद्धिका रणनीति र औजारहरुको प्रयोग गर्नु व्यवस्था रहेको
- जनगुनासो व्यवस्थापन निर्देशिका २०६६ ले सार्वजनिक निकायले सम्पादन कार्यबारे जनगुनासो र सन्तुष्टी सर्वेक्षणको व्यवस्था रहेको
- स्थानीय शासन उत्तरदायित्व सम्बन्धी रणनीति र स्थानीय निकाय सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यविधि २०६७ ले स्थानीय निकायबाट संचालित हरेक योजनाको अन्तिम किस्ता भुक्तानी अगावै अनिवार्य रुपमा सार्वजनिक परीक्षण गर्नु पर्ने, गत आर्थिक वर्षा स्थानीय निकायले निर्वाहा गरेको सामाजिक जिम्मेवारी तथा कार्यसम्पादनको स्थितिबारे चालू आ.व.को कार्तिक मसान्त भित्र सामाजिक परीक्षण गर्नु पर्ने र स्थानीय निकायले प्रवाह गरेको सेवा सुविधा बारे सन्तुष्टी तथा समम्या सम्बोधन गर्नु पर्ने व्यवस्था रहेको
- भ्रष्टचार निवारण ऐन २०५९ तथा सूचनाको हक सम्बन्धी ऐन २०६३ सम्बन्धमा सार्वजनिक निकायले सेवाग्राही तथा नागरिक सेवा, सुविधा, श्रोत साधबारे जानकारी दिने, श्रोत दुरुपयोगको सम्बन्धमा छानविन गरी कारवाही गर्नु पर्ने व्यवस्था गरेको

यसको अलवा नीति, ऐन, नीति नियम, निर्देशिका र कार्यविधिमा सामाजिक उत्तरदायित्व संबन्धी निम्न व्यवस्था रहेको अध्ययनबाट देखिएकोछ ।

◷ नेपाल सरकारको आ.व. २०६३-६४ को बजेट वक्तव्यः समुदायद्धारा गरिने निर्माण काममा अनिवार्य रुपमा सार्वजनिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाईनेछ । यसैगरी सार्वजनिक सुनवाई र नागरिक बडापत्रलाई अझै व्यवस्थित तथा प्रभावकारी बनाईनेछ ।

◷ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ः स्थानीय निकायले १ आर्थिक वर्षा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्षसमाप्त भएको ४ महिना भित्र सामाजिक परीक्षण गराउनु पर्नेछ । साथै स्थानीय निकाय मार्फ संचालन हुने सबै किसिमका योजना तथा कार्यक्रमहरु सम्पन्न भएपछि फरफारक गर्नु पर्ूव सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

◷ स्थानीय निकाय अनुदान संचालन कार्यविधि २०६७ : जिविसले सामाजिक, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था र सार्वजनिक परीक्षणको प्रतिवेदनका आधारमा समेत गाउँ विकास समितिले योजनाको जाँचपास गर्नुपर्नेछ ।

◷ स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ : एक आर्थिक वर्षा स्थानीय निकायहरुले वहन गरेको सामाजिक जिम्मेवारी तथा कार्यसम्पादनको लेखाजोखा आ.व. समाप्त भएको ४ महिना भित्र पुरा गर्नु पर्नेछ ।

आर्थिक वर्ष२०६७ साल फाल्गुण २९ गते सम्पन्न २०६८/६९ को जिल्ला विकास योजनामा सामाजिक क्षेत्रमा प्रस्तावित प्रमुख नीति तथा कार्यक्रमलाई बुँदागत रुपमा तल प्रस्तुत गरिएकोछ ।

- महिला विकास कार्यक्रमलाई आगमी वर्षाट ६१ वटै गाविसमा पुर्‍याइनेछ ।
- महिलाहरुको सामाजिक आर्थिक सशक्तिकरणमा जोड दिने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- वालश्रम र वालविवाह न्यूनीकरण गर्ने, बालमैत्री समुदाय तथा स्थानीय शासन र बाल अधिकारको सुनिश्चित हुने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
- दलित वर्ग, जनजाती आदीबासीहरुको समाजिक, आर्थिक र साँस्कृतिक स्थिति सुधार तथा फरक क्षमता भएका व्यक्तिको सशक्तिकरण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- रुपान्तरणीय सामाजिक परिचालन कार्यक्रम संचालन हुन बाँकी रहेका १० गाविसहरुमा पनि कार्यक्रम विस्तार गरिने तथा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।
- जिल्लामा सहकारिताको विकासमा विशेष ध्यान केन्द्रित गरिनेछ ।
- राज्यको नीति अनुसार महिला सहभागिता बृद्धि गरिने र महिला तथा घरेलु हिंसा न्यूनीकरण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- निशुल्क शिक्षा, पाठ्यपुस्तक वितरण, छात्रवृत्ति कार्यक्रम, विद्यालयको भौतिक पर्ूवाधार सुधार तथा बालमैत्री कक्षा संचालनलाई थप प्रभावकारी बनाइनेछ ।

- जिल्लाको सामुदायिक अस्पताललाई सुविधा सम्पन्न बनाउने, खोप, निशुल्क स्वास्थ्य सेवा कार्यक्रम तथा प्रसुती सेवालाई अझ प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य संस्थाको भौतिक सुधार र स्वास्थ्यकर्मीको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- उद्यम विकासमा युवाहरुलाई समाहित गर्ने नीति अबलम्बन गरिनेछ ।
- पर्यटन क्षेत्रको विकासका लागि संघ/संस्थाको सहयोग जुटाउने तथा नीजि क्षेत्रलाई लगानी गर्न प्रोत्साहित गरिनेछ ।
- हस्तकला र घरेलु सामानहरुको उत्पादनमुखी कार्यक्रम संचालन गरिनेछ ।
- युवाशक्तिलाई कृषि पेशामा आकर्षा गर्न स्वरोजगारमूलक तालिम, व्यवसायिक अलैची खेती, तरकारी तथा नगदेवाली विस्तार र व्यवसायीकरणमा जोड दिइनेछ ।
- घाँस विकास, भेडा विकास, दुग्ध उत्पादन, व्यवसायिक बाख्रापालन तथा पशु उपचारलाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।
- शहरी विकास तथा बजार व्यवस्थापनमा उचित ध्यान दिइनेछ ।
- १४ वटा क्रमागत तथा ११ वटा नयाँ खानेपानी आयोजना निर्माण तथा संचालन गरी खानेपानीमा पहुँच बृद्धि
- गरिनेछ ।
- २५ गाविसहरुमा सरसफाई कार्यक्रम संचालन गरी थप गाविसलाई खुला दिसामुक्त क्षेत्र घोषणा गरिनेछ ।
- शौचालय सहितको वायोग्यास प्लाण्ट निर्माणमा दलित तथा विपन्न लक्षित अनुदान लाई निरन्तरता दिइनेछ ।
- क्षत्रिरस्त गाविस तथा सेवाकेन्द्र भवन एवं भौतिक संरचनाहरुको पुनःनिर्माण र पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- भौतिक पर्ूवाधार विकास निर्माणको कार्य गर्दा वातावरणमैत्री तवरबाट संचालन गरिनेछ
- विभिन्न सूचकहरुको आधारमा उत्कृष्ट ठहरिएका उ.स.लाई पुरस्कृत गर्ने नीति लिइनेछ
- आयोजनाहरुको र्सार्वजनिक परीक्षण गर्ने कार्य कार्यविधि बमोजिम सबै सरोकारवालाको उपस्थितिमा प्रभावकारी रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्युत सेवा नपुगेका वस्ती र गाविसमा विद्युत सेवा उपलब्ध गराउन पहल गरिनेछ
- जिल्लाको सिंचाई गुरुयोजनाको आधारमा जलश्रोत व्यवस्थापन, सिंचाई योजना निर्माण र मर्मत संभार र नयाँ प्रविधि विकास र दिगो व्यवस्थापनमा ध्यान दिइनेछ ।
- नयाँ सडकको ट्र्याक खोल्ने भन्दा भएका सडकहरुको स्तरोउन्नति संरचना र संरक्षणको कार्य गरी सहज र नियमित रुपले यातायात सुचारु गराउने तर्फयान दिइनेछ ।
- विषयगत कार्यालय, गाविस, नीजि क्षेत्र, गैससँग सहकार्य र साझेदारी हुने खालका आयोजना तथा कार्यक्रममा बजेट विनियोजन गरिनेछ ।
- गाउँ पार्श्वचित्र तयार गरी सो को आधारमा जिल्ला वस्तुगत विवरण तयार गरीनेछ ।
- जिल्ला क्षमता विकास योजना बमोजिम जिविस र गाविस लगायत सरोकारवालाको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- अ/गैससको कार्यक्रम दोहोरोपना हुन नदिई अझ बढी पारदर्शी र प्रभ्ाावकारी रुपमा संचालन गरी लक्षित वर्ग र क्षेत्रमा पुर्याइनेछ ।
- वित्तीय सुशासन जोखिम न्यनीकरण संबन्धी नीतिगत व्यवस्थालाई कार्यान्वयन गरिनेछ र सुशासन र पारदर्शीताका लागि र्सार्वजनिक सुनुवाई, परीक्षण र सामाजिक परीक्षण कार्यक्रमलाई निरन्तरता दिदै अझ बढी प्रभावकारी बनाइनेछ ।

३.२ सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण

स्थानीय सुशासनको सन्दर्भमा उत्तरदायित्वको आवश्यकता, उत्तरदायित्वका विभिन्न औजारहरु लगायत सामाजिक परीक्षणका सैद्धान्तिक पक्ष र कार्यविधिको जानकारी, प्रयोग, सामाजिक परीक्षण विधि तथा प्रक्रिया समेत जिल्लास्तरीय सामाजिक परीक्षण समन्वय समिति, स्थानीय राजनीतिक दलका प्रतिनिधि, जिविसका पदाधिकारी तथार् कर्मचारी, जिल्ला प्राविधिक कार्यालय समेत विषयगत कार्यालय, स्थानीय संचारकर्मी, नागरिक समाजका प्रतिनिधिका लागि १ दिने अभिमुखीकरीरण कार्यक्रम संचालन गरिएको थियो । उक्त अभिमुखीकरण कार्यक्रमको आयोजना जिल्ला विकास समिति लमजुङले गरेको थियो भने कार्यक्रमको सहजिकरण परामर्शदाता संस्थाका विषयविज्ञ श्री प्रेम दवाडीले गर्नु भएको थियो । उक्त कार्यक्रम उल्लेखित क्षेत्रका ४१ जनाको सहभागिता रहेको थियो ।

३.३ जिल्लास्तरीय सामाजिक परीक्षण समन्वय समिति परिचालन

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ बमोजिम सामाजिक परीक्षण कार्यको समन्वय तथा स्थानीय निकाय तथा सामाजिक परीक्षकलाई सहयोग गर्न जिल्लास्तरमा निम्नानुसारको सामाजिक परीक्षण समन्वय समिति गठन तथा क्रियाशिल गरिएको छ । कार्यविधि बमोजिम जिल्ला विकास समितिको सामाजिक परीक्षण गर्ने कार्यलाई समन्वय र सहयोगको लागि तपसिल अनुसार सामाजिक परीक्षण समन्वय समिति गठन गरिएकोछ ।

१. जिल्ला विकास समितिको सभापति वा सभापतिको कार्य गर्न तोकिएको व्यक्ति : संयोजक
२. स्थानीय विकास अधिकारी : सदस्य
३. महिला विकास अधिकृत : सदस्य
४. स्थानीय गैसस वा सामुदायिक संस्था वा उपभोक्ता समितिको एक जना प्रतिनिधि : सदस्य
५. स्थानीय उद्योग वाणिज्य संघबाट एक जना प्रतिनिधि : सदस्य
६. यस समितिले तोकेको विषयगत कार्यालयको प्रमुख : सदस्य
७. सामाजिक विकास अधिकृत : सदस्य-सचिव

३.४ मुख्य पदाधिकारीसँग अन्तरवार्ता

सामाजिक परीक्षणको विधि तथा प्रक्रिया र कार्यविधिमा तोकिएका सूचकहरूका आधारमा परामर्शदाता संस्थाका सामाजिक परीक्षकहरुले जिविसका स्थानीय विकास अधिकारी, योजना, अनुगमन तथा प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख/प्रतिनिधिसँग अर्धसंरचित -क्झष्- त्तचगअतगचभम) अन्तरवार्ताबाट तथ्याङ्क संकलन गरिएको थियो । यस क्रममा जिविस -१४), राजनीतिक दल -६) विषयगत कार्यालय र सेवा केन्द्र -१०) साझेदार गैससका प्रमुख तथा प्रतिनिधि -५) र संचारकर्मी -३) तथा सेवाग्राही -१६) समेत -५४) जनासँग अन्तरवार्ता गरिएको थियो ।

३.५ समूह छलफल

सामाजिक परीक्षणका विधि तथा प्रक्रिया बमोजिम कार्यविधिमा तोकिएका सूचकहरु तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि जिविस तथा विषयगत कार्यालयका सम्बन्धित कर्मचारी तथा गैससकाहरूको सानो समूह बनाई समूह छलफल गर्ने र सूचना संकलन तथा छलफलको निष्कर्षसमेत निकालिएको थियो ।

३.६ स्थलगत अवलोकन तथा निरीक्षण

सामाजिक परिक्षणका क्रममा जिविस, विषयगत कार्यालय र गैससद्धारा गत आ.व. संचालित सामाजिक विकास क्षेत्रको आयोजना तथा कार्यक्रमको स्थलगत निरिक्षण र अवलोकन गरी जिल्ला विकास समितिको सामाजिक कार्य सम्पादनको अवस्थाबारे जानकारी लिइएको थियो । जिविसद्वारा संचालित आयोजना/कार्यक्रमको निरीक्षण गर्ने क्रममा सम्बन्धित सेवाग्राही तथा उपभोक्तासँग समेत आवश्यकता अनुसार छलफल, अन्तरक्रिया र अभिमत संकलन गरिएको थियो । अध्ययन तथा सर्वेक्षणको क्रममा सुन्दरबजार-कुन्छा-दर्ुइपिप्ले सडक, सत्रसय-विमिरेभज्याङ्ग-भोर्लेटार सडक, नेपालडाँडा-बोराङखोला सडक आयोजना, उपस्वास्थ्य चौकी धमिलिकुवाको वर्थिङ सेन्टर, ऐतिहासिक तमु संग्रालयको अवलोकन तथा सम्बन्धित निकाय, समिति र संस्थाका पदाधिकारी र सेवाग्राहीसँग अन्तरक्रिया र अभिमत समेत संकलन गरिएको थियो । स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रिया र अभिमत संकलनबाट प्राप्त राय, प्रतिक्रिया र सुझावलाई यस प्रतिवेदनको जिविस तथा विषयगत कार्यालय र गैससको सामाजिक परिक्षण प्रतिवेदन तथा सामाजिक परीक्षण प्रतिवेदनमा प्रस्तुत गरिएकोछ । सामाजिक परीक्षण कार्यक्रम अध्ययन, स्थलगत अवलोकन, सर्वेक्षण, प्रतिवेदन प्रस्तुती तथा वहशका क्रममा ३० भन्दा बढी सहभागिले राय, विचार र सुझाव प्रस्तुत गरेका थिए।

३.७ सार्वजनिक वहश कार्यक्रम/प्रारम्भिक प्रतिवेदन तयारी प्रस्तुति तथा छलफल

यस चरण तथा प्रक्रियामा जिल्ला विकास समितिले सामाजिक जिम्मेवारी बहन गर्दा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा सामाजिक परीक्षण कार्यविधि २०६७ को अनुसूची २ र ३ अनुसार प्रारम्भिक प्रतिवेदन तयार गरिएकोछ । यस प्रकार तयार प्रतिवेदन देहाय अनुसारको शर्ीष्ाकमा केन्द्रित गरी सार्वजनिक वहश कार्यक्रममा छलफलको लागि प्रस्तुत गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय

- स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू
- गतवर्षो मुख्य मुख्य उपलब्धिहरू
- यसवर्षो मुख्य मुख्य उपलब्धिहरू
- सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगत एक वर्षा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू
- आगामी दिनमा सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

३.८ प्रतिवेदन तयारी

सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन सर्वाजनिक वहश कार्यक्रममा प्रस्तुत पश्चात छलफलमा उठेका सुझाव तथा निर्ण्ाारू र कार्ययोजना सहित कार्यविधिको अनुसूची ४ अनुसार अन्तिम प्रतिवेदन तयारी र सर्वाजनिक गरिएकोछ । प्रतिवेदनका विषयवस्तु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

- पृाष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- अध्ययनको सीमा
- बृहत छलफल कार्यक्रमको विवरण
- स्थानीय निकाय र विषयगत कार्यालय/गैससहरुको विवरण संलग्न राख्ने -अनुसूची २ र ३)
- सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु
- सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु
- सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

३.९ सामाजिक परीक्षणमा समावेश गराउनु पर्ने

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को व्यवस्था अनुसार विषयगत कार्यालयहरू र जिल्ला विकास समितिको वार्षिक कार्यक्रम/आयोजनामा समावेश भएका गैर सरकारी संस्थाहरूको हकमा जिविसकै अभिन्न अंगको रूपमा सामाजिक परीक्षणमा सामाजिक जिम्मेवारीको लेखाजोखा तथा कार्यसम्पादनको मूल्याङ्कन गरिएकोछ ।

३.१० प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा सर्वाजनिक वहश कार्यक्रमको तयारी

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधिको अनुसूची २ र ३ अनुसारको प्रतिवेदन जिल्ला विकास समितिद्धारा आयोजित सर्वाजनिक वहश/भेलामा प्रस्तुत गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति तथा सर्वाजनिक वहश कार्यक्रम बारेमा तथा कार्यक्रममा उपस्थित हुन जिल्ला विकास समितिले स्थानीय निकायका प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू र-वर्तमान पदाधिकारीहरू, नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पर्ूव जनप्रतिनिधिहरू, गाविस सचिव तथा कर्मचारी, पिछडिएका वर्ग, वालबावालिका,महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरिक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदि) सँग अन्तरक्रियाका लागि सर्वाजनिक सूचनाद्धारा आह्वान गरिएएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा सहभागी हुन उपलब्ध सञ्चारका माध्यमहरूद्वारा र्सवसाधारण नागरिकलाई समेत आमन्त्रण गरिएको थियो । सर्वाजनिक वहश/भेला जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी श्री विष्णुदत्त गौतमको अध्यक्षतामा भएको थियो भने वहश कार्यक्रमको सहजिकरण डिएमआई प्रा.लि.का परामर्शदाता श्री प्रेम दवाडीले गर्नु भएको थियो । कार्यक्रम २०६९/७/२८ गते आयोजना तथा भई सफलतापर्ूवक सम्पन्न भएको थियो भने उक्त कार्यक्रममा जिविस, राजनीतिक दल, विषयगत कार्यालय, संघ/संस्था, संचारकमी, नागरिक समाज र सेवाग्राही समेत ५८ जनाको सहभागिता रहेको थियो ।

३.११ सर्वाजनिक वहश तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि

सर्न्दर्भ सामग्रीको अध्ययन, अन्तरवार्ता, छलफल, स्थलगत अवलोकन समेतबाट प्राप्त सूचना तथा नतिजाको आधारमा विषयविज्ञ सामाजिक परीक्षकद्धारा तयार गरिएको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन सर्वाजनिक वहश कार्यक्रमको आयोजना गरी प्रस्तुत गरिएको थियो । सर्वाजनिक वहश तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि तपसिल संचालन गरिएको थियो ।

- सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका -सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था समेत उल्लेख गरी) राखिएको थियो ।
- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचारसंहिताबारे जानकारी प्रदान नगरिएको थियो
- सामाजिक परीक्षकबाट अनुसूची-२ र अनुसूची-३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्दछ :-

- स्थानीय निकायले गरेका नीतिगत निर्ण्ातथा प्रक्रियागत सुधारले पारेको प्रभाव -सूचकको आधारमा)
- स्थानीय निकायले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति
- स्थानीय निकायले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू
- स्थानीय निकायको तर्फाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
- वालवालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय निकायको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू

◷ सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकले टिपोट गरिएको थियो । सहभागीले राखेका जिज्ञासा तथा विचारमा जिविस, विषयगत कार्यालय, गैसस तथा सामाजिक परीक्षकले स्पष्ट पार्नु भएको थियो ।

◷ सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सारसंक्षेप तयारी गरी प्रतिवेदनमा समावेश गरिएकोछ ।

३.१२ प्रतिवेदन सर्वाजनिक तथा कार्यान्वयन

सामाजिक परीक्षकद्धारा सामाजिक परिक्षण प्रतिवेदन अनुसूची-४ अनुसार जिविस लमजुङ प्रमुख समक्ष पेश गरिएकोछ । जिल्ला विकास समितिले सो सामाजिक परीक्षण प्रतिवेदन जिल्ला परिषद्मा पेश गरी मूख्य मूख्य बँुदाहरूलाई -सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सर्वाजनिक गर्नेछ । सामजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न जिविसले नीतिगत निर्ण्ागर्नेछ ।

४. सामाजिक परीक्षण सम्बन्धी अध्ययनको क्षेत्र र सिमा

प्रस्तुत सामाजिक परीक्षण कार्यका क्षेत्र र सिमा निम्नानुसार रहेका छन् ।

१. जिल्ला विकास समितिले गरेका नीतिगत निर्ण्ार प्रक्रियागत सुधारले पुगेको प्रभावका बारेमा अध्ययन गरिएकोछ । जसमा स्थानीय विकास मन्त्रालय, गाविस र नगरपालिकाको नीतिगत निर्ण्ातथा त्यसले पारेको प्रभावको अध्ययन गरिएको छैन ।

२. जिविसले गरेको विकास आयोजनामा जनसहभागिताको स्थितिको अध्ययन गरिएको छ । तर यसमा अन्य प्रकारका योजनामा जनसहभागिताको स्थिति अध्ययन गरिएको छैन ।

३. समयमा जिविसले सेवा सुविधा दिन नसक्दा जनताले भोगेका समस्याको अध्ययन गरिएकोछ । तर यसमा नेपाल सरकार स्थानीय विकास मन्त्रालय र अन्य मन्त्रालयले दिने प्रत्यक्ष सेवा तथा गाविस र नगरपालिकाका त्यस्ता सेवाको अध्ययन गरिएको छैन ।

४. समय तथा श्रोत साधनको कमीका कारण सामाजिक परीक्षणको क्रममा अन्तरवार्ता, समूहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्वेक्षणमा गर्दा आवश्यक व्यक्ति समूह र आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा विश्लेषण गर्न सकिएको छैन र प्रतिनिधिमूलक रुपमा सामाजिक क्षेत्रका आयोजना तथा कार्यक्रम, सेवा प्रवाहमा विशेष जोड दिइएकोछ ।

५. सामाजिक परीक्षण जिल्लाको सन्दर्भमा पहिलो प्रयाश भएको र अभिमुखीकरण, अध्ययन तथा अवलोकन र प्रतिवेदन प्रस्तुती तथा वहश कार्यक्रम प्रमुख चार्डपर्वको समयमा संचालन भएको कारण जिल्लास्थित सम्पर्ूण्ा विषयगत कार्यालय र गैर सरकारी संस्थाहरुलाई अध्ययन, विवरण तथा अवलोकन र प्रतिवेदनमा समेट्न सकिएको छैन ।

६. आधार तथा लैंगिक र सामाजिक रुपमा खण्डिकृत र आधारभूत तथ्याङ्क, जिल्ला विकास समिति, विषयगत कार्यालय र गैर सरकारी संस्थाका सामाजिक क्षेत्रका हरेक सूचकहरुको विवरणहरु समयमा नै उपलब्ध हुन नसक्दा सामाजिक क्षेत्रका कतिपय सूचकहरुको वास्तविक स्तिथिको लेखाजोखा गर्न सकिएको छैन ।

५. वृहत छलफलको विवरण

सामाजिक परीक्षणको क्रममा गरिएको अध्ययन तथा सर्वेक्षणको लेखाजोखा र विश्लेषण गरी तयार प्रतिवेदन जिल्ला विकास समितिले सर्वाजनिक वहश कार्यक्रम आयोजना गरी छलफल तथा वहश गरिएको थियो । सर्वाजनिक वहश कार्यक्रम जिल्ला विकास समिति लमजुङ्गको सभाहलमा मिति २०६९ साल कार्तिक २८ गते दिनको १.०० बजे देखि अपरान्ह ६.०० बजेसम्म संचालन भई सफलतापर्ूवक सम्पन्न भएको थियो । उक्त कार्यक्रम जिविस, राजनीतिक दल, विषयगत कार्यालय, साझेदार गैसस, नागरिक समाज, गाविसका सचिव, पिछडिएको वर्ग र क्षेत्र, सेवाग्राही, वडा नागरिक मंच नागरिक सचेतना केन्द्र लगायत आमा समूह र अन्य समुदायमा आधारित संस्थाहरुबाट ५८ जनाको उपस्थिति रहेको थियो ।

६. जिविस लमजुङ र विषयगत कार्यालय एवं गैसस सामाजिक उपलब्धी तथा कार्यसम्पादनको स्थिति विवरण

जिल्ला विकास समिति लमजुङ, विषयगत कार्यालय एवं गैससले सामाजिक क्षोत्रमा गरेको योगदान -कार्यक्रम, प्रतिफल तथा उपलब्धीलाई सामाजिक परीक्षण कार्याविधि २०६७ अनुसारको उल्लेखित व्यवस्था, सामाजिक जिम्मेवारीका प्राथमिकताका क्षेत्र र ढाँचामा लेखाजोखा गरी कार्यविधि २०६७ को अनुसूची २ र ३ अनुसारको प्रतिवेदन तयार तरी गरी प्रस्तुत गरिएकोछ ।

६.१ जिविस लमजुङ सामाजिक उपलब्धी तथा कार्यसम्पादनको स्थिति विवरण

जिल्ला विकास समितिले सामाजिक विकासको क्षेत्रमा का पुर्‍याएको योगदान -प्रतिफल तथा उपलब्धी) लाई कार्यविधि अनुसार ६ वटा विषयगत क्षेत्रमा विभाजन गरी लेखाजोखा गरिएको थियो । जुन क्षेत्रहरु तपसिल बमोजिम रहेकाछन् ।

ङ। स्थास्थ्य तथा जनसंख्या

ट्ट। शिक्षा, खेलकुद तथा युवा

घ। खानेपानी तथा सरसफाई

ढ्ढ। महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

छ। सचेतना तथा गरिबी निवारण

ट। सेवा तथा सुविधामा पहुँच

ठ। संस्थागत विकास

उपरोक्त क्षेत्र अनुसार सामाजिक विकासका सूचकहरुको आधारमा गत आ.व.मा हासिल प्रतिफल तथा उपलब्धीहरुको लेखाजोखा सहित सामाजिक परीक्षण कार्यविधि २०६७ अनुसारको प्रतिवेदन यस प्रतिवेदनको अनुसूची २ मा प्रस्तुत गरिएकोछ ।

६.२ विषयगत कार्यालय तथा गैर सरकारी संस्थाहरुको सामाजिक उपलब्धी र कार्यसम्पादनको स्थिति विवरण

सामाजिक विकास क्षेत्रमामा गत आ.व. २०६८/६९ मा विषयगत कार्यालय तथा गैससहरुले हासिल प्रतिफल तथा उपलब्धीहरुको लेखाजोखा सहित सामाजिक परीक्षण कार्यविधि २०६७ अनुसारको प्रतिवेदन यस प्रतिवेदनको अनुसूची ३ मा प्रस्तुत गरिएकोछ ।

७. सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु

सामाजिक परीक्षण कार्यक्रम अर्न्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सर्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुति र छलफलबाट प्रस्तुत सबल पक्षहरु तपसिल अनुसार प्रस्तुत गरिएकोछ ।

- सामाजिक जिम्मेवारीको क्षेत्रमा आ.व. ०६८/६९ मा जिल्ला विकास समिति लमजुङ्गले समष्टिमा ९३ प्रगति हासिल गरी ७१ प्रतिशत नागरिकलाई सामाजिक सेवा उपलब्ध गराउन सफल भएको र कार्यक्रमको नमूना सर्वेक्षण र उपलब्ध सूचना विश्लेषण गर्दा सामाजिक क्षेत्रमा ७१% मात्र उपलब्धी हासिल गर्न सफल भएको
- सामाजिक क्षेत्रमध्ये पनि स्वास्थ्य तथा जनसंख्या, महिला, बालबालिका र लक्षित वर्गको क्षेत्रमा उल्लेख्य उपलब्धी हासिल गर्न सफल भएको र शिक्षा तथा संस्थागत विकास र सुशासन क्षेत्रमा कम उपलब्धी हासिल गरेको
- आ.व. ०६८/६९ मा सम्बन्धित विषयगत कार्यालय तथा गैर सरकारी संस्थाहरुको योगदान समेत सर्वेक्षण र उपलब्ध सूचना विश्लेषण गर्दा जिल्ला विकास समिति लमजुङ्गले समष्टिमा सामाजिक क्षेत्रमा ६१% उपलब्धी हासिल गर्न सफल भएको
- यस कार्यक्रमले जिविस, विषयगत कार्यालय र गैससको नागरिक प्रतिको उत्तरदायित्व अथवा सामाजिक उत्तरदायित्व अभिबृद्धि गर्न योगदान पुगेको
- स्थानीय शासन प्रक्रियामा सामाजिक क्षेत्रको लगानी र उपलब्धीको लागि आधार तयार भएको र सरोकारवालाबाट प्रतिवद्धता प्राप्त भएको
- परीक्षणबाट सामाजिक जिम्मेवारीका क्षेत्रहरुको प्राथमिकता क्षेत्रहरु तयार भएको, सरोकारवालको पहिचान तथा नक्शाङ्कन भएको
- सामाजिक उपलब्धी हासिल गर्न सन्दर्भमा समस्या श्रोतको होइन सोच र व्यवस्थापनको रहेको कुरामा सरोकारवालामा महशुस भएको
- सामाजिक परीक्षण कार्यक्रमबाट सामाजिक क्षेत्रका प्राप्त प्रतिफल र उपलब्धी मापन गर्ने विधि, प्रक्रिया र तथ्याङ्कको आधार तयार भएको
- सामाजिक परीक्षण कार्यक्रममा जिल्ला विकासका सामाजिक क्षेत्रका सरोकारवालाको अपन्तव र व्यापक सहभागिता रहेको
- सेवा प्रवाह स्थितिमा र सेवाग्राहीको सचेतनामा बृद्धि भएको
- जिल्लामा सामाजिक क्षेत्रका अभियानमूलक कार्यक्रमहरु जस्तैः निरक्षरता उन्मुलन जिल्ला, ससाध्य रोग परीक्षण र उपचार, सचेतना सम्बन्धी कार्यक्रम साझेदारीमा संच्ालन र विपन्न परिवार पहिचान गरी गरिबी निवारण, लैंगिक हिंसा तथा विभेद मुक्त परिवार जस्ता कार्यक्रमहरु पहिचान भएका
- सामाजिक परीक्षण कार्यक्रमबाट सामाजिक क्षेत्रमा कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहयोग पुग्ने देखिएको
- जिल्ला विकास समिति, विषयगत कार्यालय र गैससले सामाजिक विकास क्षेत्रमा कार्यक्रम संचालनको क्रममा भएका उपलब्धी र कमीकमजोरीबारे सरोकारवालाले महशुस गरेको तथा सिकाईहरुलाई अभिलेखन गरिएको
- जिल्लास्तरमा सेवा प्रवाह कम झन्झटिलो बन्दै गएको र सेवा प्रवाहलाई स्थानीयकरण गर्ने प्रयास गरिएको
- योजना तथा बजेट तर्जुमा गर्दा आयोजना र कार्यक्रमको प्राथमिकता र लक्ष्य निर्धारण र अपेक्षित उपलब्धी निर्धारण सहित कार्ययोजना तर्जुमाको आवश्यकता महशुस भई सो अनुसार गर्न सरोकारवालाबाट प्रतिवद्धता प्राप्त भएको
- दरुगक्ष, लक्षित वर्ग विशेष गरी विपन्न परिवारमा कार्यक्रम लक्षित गर्ने कुरामा सरोकारवाला एकमत भई प्रतिवद्ध भएका
- लक्षित वर्गको कार्यक्रममा सहभागिता र निर्ण्ाो अवस्था राम्रो रहेको र सचेतना र सेवा सुविधामा क्रमिक बृद्धि भएको
- सामाजिक विकासका क्षेत्रमा जिविसको नेतृत्वमा विषयगत कार्यालय र गैसस परिचालन गर्न सरोकारवाला सहमत भएको
- शिक्षा क्षेत्रमा जिल्ला शिक्षा कार्यालयको नेतृत्वमा साक्षरता लगायत प्राविधिक शिक्षा एवं तथ्याङ्कको अधार तयार गर्न सरोकारवाला सहमत भएका

८. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुति र छलफलको दौरान देखिएका चूनौति तथा कमीकमजोरीहरु तल बुँदागत रुपमा प्रस्तुत गरिएकोछ ।

- सामाजिक उपलब्धीलाई पुष्ट्याई गर्ने तथ्याङ्कीय आधार, अध्ययन र सर्वेक्षणमा कमी रहेको
- लक्षित वर्ग, समुदाय र सामाजिक क्षेत्रमा प्रत्यक्ष प्रभ्ाावव पार्ने खानेपानी तथा सरसफाईको क्षेत्रमा जिविसको कार्यक्रम, लगानी र उपलब्धी कम भएको
- लक्षित वर्गमा विपन्न वर्ग, धरधुरी तथा परिवारलाई समेट्न नसकेको
- आर्थिक रुपमा सम्पन्न भएता पनि सामाजिक र साँस्कृति तथा मानविय रुपमा कमजोर वर्गको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी लक्षित कार्यक्रम तर्जुमा र कायान्वयन हुन नसकेको
- गैससको कार्यक्रमबारे जिविसलाई जानकारी दिने, साझेदारी गर्ने र सहकार्यमा कमी रहेको
- सामाजिक परीक्षण प्रतिवेदन विस्तृत रुपमा तथ्याङ्कीय पुष्ट्याई, व्यापक, विश्लेषण र चिरफार सहित आउन नसकेको
- सामाजिक क्षेत्रमा भोगेका समस्याहरुमा पृष्ठभूमि र परिवेश सहितको विश्लेषणमा कमी रहेको
- गैससहरु शहर बजार केन्द्रित रहेको त्यसलाई जिविसले नियमन तथा मार्गदर्शन गर्न नसकेको
- जिल्ला विकासका योजना तर्जुमा, कार्यान्वयनमा व्यक्ति र राजनीतिक दल केन्द्रित भएको
- गाउँबाट शहर र बजारमा बर्साई सर्ने काम त्रि रहेको अवस्थामा सडक निर्माणका अनगिन्ति आयोजनाहरुको धर्सर्ाार्ेने काम भएको र सेवा तथा सुविधा पहुँचमा नागरिकको पहुँचमा खासै बृद्धि हुन नसकेको
- जिल्ला विकासको सामाजिक तथा आर्थिक उपलब्धीको सन्दर्भमा श्रोतको नभै सोच र व्यवस्थापनको कमजोरी रहेको
- विद्यालय मर्ज गर्ने र दरबन्दी मिलानको क्रममा सुगम क्षेत्रमा शिक्षकहरु कृन्द्रित हुँने वातावरण सिर्जना भएको कारण शिक्षा क्षेत्रमा नकारात्मक असर देखिएको जस्तै एसएलसी उतिर्ण्ााको अवस्था
- विकासका कार्यमा राजनीतिकरण हावी भएको र पार्टर्ीी खिचातानीको आधारमा आयोजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन हुने गरेको
- लक्षित वर्गको कार्यक्रम तथा सामाजिक आर्थिक विकासका कार्यक्रम तर्जुमा र कार्यान्वयनमा आर्थिक पक्ष तथा विपन्नतालाई आधार बनाउन नसकेको
- जिविस ससाना योजनामा बजेट बजेट विनियोजन गर्ने गरेको र उपभोक्ता समिति मार्फ संचालन गर्ने आयोजनाहरुमा उपभोक्ता समितिले ठेकेदारलाई मार्फ गराउने कार्य अध्याधिक रहेको
- आयोजना तथा कार्यक्रममा दोहोरोपना रहेको र श्रोतको दुरुपयोग भैरहेको र ससाना आयोजनामा रकम छरिएकोछ ।
- जिल्ला प्रशासनबाट प्रवाह हुने नागरिकता सम्बन्धी सेवा सरलीकृत हुन नसकेको जस्तो की अर्को जिल्लाबाट

विवहा तथा बर्साई सरी आएको अवस्थामा सो जिल्लामा उक्त व्यक्तिको नाममा नागरिकता जारी भए नभएको लिखित जानकारी लिएर नागरिकता दिने कार्यमा सहजता नआएको

- शिक्षा क्षेत्रमा दरबन्दी मिलान पछि सो को परिपालना सम्बन्धित निकाय र शिक्षकहरु व्यक्ति केन्द्रित भएको
- जिविसबाट सामाजिक क्षेत्रमा ४०% भन्दा बढी लगानी विनियोजन र खर्च गरिएको तर उपलब्धी मापन गर्न नसकिएको र नागरिक तथा समुदायले सामाजिक क्षेत्रमा परिवर्तनको महशुस गर्न नसकेको
- जिविसका अधिकांश योजना तर्जुमा गर्दा अबण्डाको रुपमा राखे, बार्षिक तथा चौमासिक लक्ष्य निर्धारण सहित कार्यान्वयन योजना तर्जुमा गरी स्विकृत गर्ने नगरेको
- पटके निर्ण्ाागरी आयोजना तथा कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन गर्ने गरिएको फलस्वरुप लक्ष्य भन्दा बढी वा शतप्रतिशत उपलब्धी देखिएको
- संस्थागत तथा क्षमता विकास, सेवा प्रवाह र सुशासनको क्षेत्रमा कार्यक्रम तर्जुमा भएता पनि कार्यक्रम कार्यान्वयनमा कम भई उपलब्धी ज्यादै कम देखिएको
- जिल्लामा उपलब्ध स्रोतलाई प्राथमिकताको क्षेत्रमा केन्द्रित गरी लगानी गर्न नसकिएको
- आयोजना संख्या अत्यधिक रहने र ससाना आयोजना पनि जिविस आफैले कार्यान्वयन गर्दा आयोजनाको गुणस्तर सुनिश्चित गर्न नसकिएको,
- जिल्लाको लैंगिक तथा सामाजिक रुपमा खण्डीकृत तथ्याङ्क सहितको जिल्ला वस्तुगत विवरण तथा श्रोत नक्शा अद्यावधिक नभएको हुँदा योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन -सामाजिक परीक्षण) गर्न कठिनाई देखिएको
- जिल्लाको योजनावद्ध विकास गर्न समष्टीगत सामाजिक तथा आर्थिक विकासका लागि लक्ष्य, उद्देश्य, उपलब्धी र नतिजा निर्धारण गरी निश्चित अवधिभित्र सो हासिल गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरु पहिचान एवं परिभाषित गरी जिल्ला विकासको गतिलाई मार्गदर्शन गर्ने आवधिक जिल्ला विकास योजना नभएको कारण जिल्ला विकासका प्राथमिकताका क्षेत्रहरु, सामाजिक तथा अन्य क्षेत्रमा हासिल गर्नु पर्ने सूचक

तथा लक्ष्य निर्धारण नहुँदा बाषिर्क योजना तथा बजेट तर्जुमा, आयोजना तथा कार्यक्रम तर्जुमा, नतिजा अनुगमन तथा उपलब्धी निर्धारण तथा मापन गर्न कठिनाई भएको

- ऐन, नियम, निर्देशिका तथा कार्यविधिको पर्ूण्ा पालना हुन नसकेको तथा कतिपय निर्देशिका र कार्यविधिका व्यवस्थाहरु व्यवहारिक नभएको
- जिविसबाट सामाजिक क्षेत्र लगायत अन्य क्षेत्रमा अनुपात्दक क्षेत्रमा लगानी भएको र सोबाट ठोस उपलब्धी हासिल नभएको
- तथ्याङ्कको कमी तथा लक्षित वर्ग -विपन्न परिवार) पहिचान हुन नसक्दा सामाजिक क्षेत्रका कार्यक्रमहरु लक्षितर् वर्ग खास गरी विपन्न परिवारमा पुर्‍याउन नकिएको
- स्वास्थ्य चौकी तथा उपचौकीहरु गाविसको केन्द्र तथा पायक पर्ने स्थानमा नभएको र कतिपय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मीहरु नियमित रुपमा संस्थामा उपस्थित हुन नगरेको
- गौडा तथा चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्रमा दरबन्दी अनुसार नियमित रुपमा डाक्टर र स्वास्थ्यकर्मी नभएको
- जिविसले गैसस तथा विषयगत कार्यालयलाई दर्ुगम र पिछ्डिएको छेत्रमा परिचालन गर्न नसकेको

९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षण कार्यक्रम अर्न्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा र्सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, र्सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको आगामी दिनमा चाल्नु पर्ने कदम तथा आएका सुझावहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएकोछ ।

- सामाजिक परीक्षणलाई आगामी वर्षा प्रक्रिया र प्रगतिको लेखाजोखा भन्दा सामाजिक उपलब्धी मापनमूलक बनाउँदै लानु पर्ने
- लक्षित वर्गमा विपन्न वर्गलाई समेत समेट्नु पर्ने र लक्षित वर्गहरुमा पनि विपन्नलाई पहिचान गरी कार्यक्रम केन्द्रित गर्नु पर्ने
- सामाजिक क्षेत्रमा सेवा सुविधा विस्तार र पहुँच अभिबृद्धिका लागि जिल्ला रणनीतिक महत्वका सडक आयोजनाहरुको स्तरोन्नतिमा जोड दिनु पर्ने
